# आर्थिक वर्ष २०७९/०८० को
# आर्थिक विधेयक, २०७९

# बेलौरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदुरपश्चिम प्रदेश
### कंचनपुर
### २०७९

# बेलौरी नगरपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०७९

**प्रस्तावना :-**

बेलौरी नगरपालिकाले आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बेलौरी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :-(१) यो ऐनको नाम आर्थिक ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन, २०७९ साल श्रावण १ गते देखि बेलौरी नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पत्ति कर** :- २.१. बेलौरी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकिकृत रुपमा हिसाव गरी सम्पत्ति कर लगाइने छ र असुल उपर गरिनेछ ।

२.२. उपदफा (१) बमोजिम लगाइने सम्पत्तिकरको दर अनुसुची (१) मा उल्लेख भए बमोजिम हुनेछ ।

२.३.यस दफा बमोजिम सम्पत्ति कर लगाउदा घरजग्गाको आकार, प्रकार, बनौट, उपयोगको अवस्था, अचल सम्पत्ति र त्यसको उत्पादन क्षमता, नागरिकको जीवनस्तर, आर्थिक स्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमुल्य तथा ह्रासमुल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाइ लागु गर्न सक्नेछ ।

३. **भुमिकर वा (मालपोत)** :- बेलौरी नगरपालिका क्षेत्रभित्र अनुसुची (२) बमोजिम भुमिकर/मालपोतकर लगाईने र असुल गरिनेछ । तर दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भुमिकर वा मालपोत कर लगाईने छैन ।

४. **घरजग्गा कर** :- बेलौरी नगरपालिका क्षेत्रभित्र अनुसुची (३) बमोजिम घर जग्गाकर लगाईने र असुल गरिने छ ।

५. **घरजग्गा बहाल कर** :- बेलौरी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, टहरा, सेड (छप्पर), कारखाना जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा वार्षिक बहाल रकममा घरबहाल कर लगाईनेछ र असुल उपर गरिनेछ । बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्ध वार्षिक वा वार्षिक अवधिलाई आधार मानी १२ प्रतिशतका दरले घरबहाल कर बुझाउनु पर्नेछ ।

६. **बहाल विटौरी शुल्क** :- ६.१ बेलौरी नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुची (४) मा उल्लेख भए अनुसारको दरमा बहाल विटौरी शुल्क लगाउन र उठाउन सक्नेछ ।

क) आफुले निर्माण गरेका वा आँनै स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति

ख) आँनो रेखदेखमा रहेका सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोका छेउको जग्गामा भएका अस्थाइ टहरा, छाप्रा वा पसल वा आवास भएका

ग) बेलौरी नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटवजार, मेला, जात्रा आदिमा थपेका पसल

(६.२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहालविटौरी शुल्क उठाउनको लागि कार्यालयले न्युनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाक बढावढको माध्यमबाट बहालमा दिन सक्नेछ ।

(६.३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल विटौरी शुल्क उठाउनको लागि बेलौरी नगरपालिकाले त्यस्तो स्थानमा खरिद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमा तोकेको न्युनतम बहाल विटौरी शुल्कको दरमा बोलपत्र वा दरभाउ पत्र वा डाक बढावढको माध्यमबाट बहाल विटौरीमा दिन सक्नेछ ।

(६.४) उपदफा (२) र (३) बमोजिम बहाल विटौरीमा दिंदा शर्तसहित सम्झौता गरी दिनु पर्नेछ ।

७. **व्यवसाय कर** :- बेलौरी नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुंजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाईने र असुल गरिनेछ। सम्पुर्ण व्यवसायिहरुले पौष मसान्त भित्र कर बुझाएमा मात्र आ.व.२०७६/०७७ देखि आ.व. २०७७/०७८ सम्मकोमा २५ प्रतिशत छुटको व्यवस्था मिलाईनेछ र अन्यथा बांकी सबै असुल गरिनेछ।

८. **सवारी साधन कर** :- (८.१) बेलौरी नगरपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेश सरकारले सवारी साधन कर उठाउने छ । तर टागा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा तथा स्कुटरमा नगरपालिकाले सवारी साधन कर लगाउन सक्नेछ ।

(८.२) उपदफा (१) बमोजिम बेलौरी नगरपालिकाले लगाउने भनि तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधनको कर अनुसुची (६) बमोजिम हुनेछ ।

(८.३) प्रदेश सरकारले लगाएको सवारी साधन कर रकमबाट बेलौरी नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानुन मा तोकिए बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर** :- बेलौरी नगरपालिका क्षेत्रभित्र सञ्चालित सिनेमा हल, सास्कृतिक प्रदर्शनहल, थियटर, संगीत महोत्सव मनोरन्जन, प्रदर्शन स्थल, जादु, सर्कस, नाटक जस्ता मनोरन्जन व्यसाय सेवामा प्रदेश कानुनले तोके बमोजिम मनोरन्जन कर लगाई असुल उपर गरिनेछ ।

१०. **विज्ञापन कर** :- बेलौरी नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन प्रचार प्रसार आदिको लागि राख्न दिइने साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा अनुसुची (८) बमोजिमको विज्ञापन कर लगाईने र असुल गरिनेछ ।

**११. सेवा शुल्क, दस्तुर :-** बेलौरी नगरपालिकाले आफनो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्, कायाकिङ्, क्योनिङ्, जिपफलायर, प्यारालाइडिङ्, हाइकिङ् लगाएतका स्थानीय पर्यटन, मनोरन्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा अनुसुची (९) बमोजिमको व्यवसायमा सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ।

**१२. पार्किङ् शुल्क :-** (१२.१) बेलौरी नगरपालिकाले आँनो क्षेत्रभित्र तोकेको पार्किङ् स्थलमा सवारी साधनलाई पार्किङ् सुविधा उपलव्ध गराएवाफत पार्किङ् गर्ने समयको आधारमा अनुसुची (१०) मा उल्लेख भए अनुसारको दरमा पार्किङ् शुल्क लगाइने र असुल उपर गरिनेछ ।

(१२.२) बेलौरी नगरपालिकाले सवारी पार्किङ् क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी साग आवश्यक समन्वयमा गर्नेछ ।

**१३. जडीबुटी, कवाडी र जीवजन्तु कर :-** (१३.१) बेलौरी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कवाडीमाल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत्यु भएका जीवजन्तुको हाड, सिंङ्, प्वाख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवाफत नगरपालिकाको निर्णयानुसार तोकिने छ र अनुसूची (११)बमोजिम जडीवुटी, कवाडी तथा जीवजन्तुकर लगाइने र असुल उपर गरिनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा बीजक वा लेनदेन भएको जनाउने प्रमाणलाई सम्झनुपर्छ । र यस नगरपालिका ले कर लगाउदा कारोवार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ ।

(१३.२) उपदफा (१) बमोजिमको वस्तुको व्यवसायिक कारोवार गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकारले व्यवसाय इजाजत दिंदा कर बुझाउने शर्त र विधि समेत तोकि इजाजत दिनेछ ।

**१४. दण्ड जरिवाना :-** (१४.१) बेलौरी नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानुनमा दर तोकेकोमा सोहि बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरिवाना सहति बक्यौता असुल गर्नेछ ।

(१४.२) बेलौरी नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानुन पालना नगरेको कसुरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

**१५. कर छुट :-** (१५.१) वार्षिक रुपमा तिर्नु पर्ने राजश्व सोहि आर्थिक वर्षको पौष मसान्त भित्र बुझाउने करदातालाई नियामानुसार लाग्ने राजश्वको १० (दश) प्रतिशत कर छुट दिइनेछ ।

(१५.२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघ संस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिइने छैन ।

स्पष्टीकरणः- लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्व विद्यालय र सोका आंगिक

क्याम्पस, सरकारी र सामुदायिक विद्यालयहरु सार्वजनिक पुस्तकालय, वाचनालय, वालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संस्थाहरु सम्झनु पर्छ ।

(१५.३) विपत वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई यस बेलौरी न.पा.को नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(१५.४) विपतमा परेको बेला सामान्य सिफारिस दस्तुरहरु निशुल्क अथवा छुट दिईने ।

(१५.५) कानुनमा व्यवस्था भएकोमा बाहेक बेलौरी नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, दण्ड जरिवाना, छुट दिन पाइने छैन ।

तर स्थानीय आर्थिक क्रियाकलापमा उल्लेखनीय योगदान पुऱ्याउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधि सम्म सभाले बनाएको कानुन बमोजिम कर, दस्तुर, शुल्क, दण्ड जरिवाना, छुट दिन बाधा पर्ने छैन ।

१६. **ठेक्का आवाहन गर्न सक्ने** :- (१६.१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्न सक्नेछ ।

तर आन्तरिक आय बृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोवस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मो लागि एकैपटक ठेक्का बन्दोवस्त गर्न सकिनेछ ।

(१६.२) यस दफा बमोजिमको आय ठेक्का दिंदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(१६.३) बेलौरी नगरपालिकाले सामान्यतया आ.व.शुरु हुनु भन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(१६.४) बेलौरी न.पा.ले कर संकलन गर्न सामान्यत ठेक्का बन्दोवस्त गर्ने छैन तर जडिबुटी, कवाडि, जीवजन्तु कर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने अवस्थामा सभाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।

(१६.५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोवस्तीका लागि बोलपत्र, दरभाउ पत्र तथा डांक बढावढ सम्बन्धी कार्यविधी र पट्टा कवुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु, सार्वजनिक नियमावली २०६४ ( संशोधन समेत) लाई आधार मानिनेछ ।

१७. **सहयोग गर्नुपर्ने** :- संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले यस बेलौरी न.पा.को राजश्व असुली कार्यमा आवश्यक सहयोग उपलव्ध गराउनु पर्नेछ ।

१८. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने** :- यस बेलौरी नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम वा मार्का नपर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

**१९. कार्यविधि बनाउन सक्ने** :- (१९.१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि न.पा.ले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(१९.२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका सम्बन्धि नगरको कार्यपालिकाबाट स्वीकृत भइ लागु हुनेछ ।

**२०. प्रचलित कानुन बमोजिम हुने** :- यस ऐनमा उल्लेख गरिएका विषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**२१. प्रशासकीय पुनरावलोकन र पुनरावेदन** :- (२१.१) बेलौरी न.पा.ले गरेको कर, शुल्क, महशुल, दण्ड जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(२१.२) उपदफा (१) बमोजिम परेको निवेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले नगर प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहने छैन ।

(२१.३) उपदफा (१) बमोजिम पुनरावलोकनको लागि प्राप्त भएको निवेदन उपर पैंतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनुपर्नेछ ।

## अनुसुची १
## ऐनको दफा २ संग सम्बन्धित

एकिकृत सम्पत्ति कर

| | बेलौरी न.पा.(साविक श्रीपुर/लक्ष्मीपुर/रा.वि.गाविस) | दर रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | वडा नं.१ (साविक लक्ष्मीपुर गाविस ५,६,७) | | |
| | क) कालो पत्रे सडकले छोएको जग्गा | ६२३०८२१।१० | |
| | ख) शाखा नहर तथा ग्रेभल सडकले छोएको जग्गा | ३११५४१०।४९ | |
| | ग) कच्ची सडकले छोएको जग्गा | २३३६५५७।९३ | |
| | घ) अन्य घरेडी सडकले नछोएको २ कठ्ठा सम्म | १५५७७०५।२५ | |
| | ङ) सडकले नछोएको जग्गा | ७७८८५२।६३ | |
| | बेलौरी न.पा.(साविक श्रीपुर/लक्ष्मीपुर/रा.वि.गाविस) | | |
| २ | वडा नं.२ (साविक लक्ष्मीपुर गाविस १,२,३,४,८) | | |
| | क) गोकुलपुर बजारबाट वितरण गरिएका घरेडीहरु कालोपत्रे सडकले छोएको | ९३४६२३१।५९ | |
| | ख) कालो पत्रे सडकले छोएको जग्गा | ६२३०८२१।१० | |
| | ग) शाखा नहर तथा ग्रेभल सडकले छोएको जग्गा | ३११५४१०।४९ | |
| | घ) कच्ची सडकले छोएको जग्गा | २३३६५५७।९३ | |
| | ङ) अन्य घरेडी सडकले नछोएको २ कठ्ठा सम्म | १५५७७०५।२५ | |
| | च) सडकले नछोएको जग्गा | ७७८८५२।६३ | |

| | | | |
|---|---|---|---|
| | बेलौरी न.पा.(साविक श्रीपुर/लक्ष्मीपुर/रा.वि.गाविस) | | |
| ३ | वडा नं.३ (साविक लक्ष्मीपुर गाविस ९) | | |
| | क) कालो पत्रे सडकले छोएको जग्गा | ९३४६२३१।५९ | |
| | ख) शाखा नहर तथा ग्रेभल सडकले छोएको जग्गा | ६२३०८२१।१० | |
| | ग) कच्ची सडकले छोएको जग्गा | २३३६५५७।९३ | |
| | घ) अन्य घरेडी सडकले नछोएको २ कठ्ठा सम्म | १५५७७०५।२५ | |
| | ङ) सडकले नछोएको जग्गा | ७७८८८२।६३ | |
| | बेलौरी न.पा.(साविक श्रीपुर/लक्ष्मीपुर/रा.वि.गाविस) | | |
| ४ | वडा नं.४ (साविक श्रीपुर गाविस ४,५) | | |
| | क) बेलौरी नगरविकास समितिबाट वितरण गरिएका घरेडीहरु | १५५७७०५२।४५ | |
| | ख) कालो पत्रे सडकले छोएको जग्गा | ७७८८५२६।३४ | |
| | ग) शाखा नहर तथा ग्रेभल सडकले छोएको जग्गा | ६२३०८२१।१० | |
| | घ) कच्ची सडकले छोएको जग्गा | ४६७३११५।८५ | |
| | ङ) अन्य घरेडी सडकले नछोएको २ कठ्ठा सम्म | २३३६५५७।९३ | |
| | च) सडकले नछोएको जग्गा | १५५७७०५।२५ | |
| | बेलौरी न.पा.(साविक श्रीपुर/लक्ष्मीपुर/रा.वि.गाविस) | | |
| ५ | वडा नं.५ (साविक श्रीपुर गाविस १,२) | | |
| | क) कालो पत्रे सडकले छोएको जग्गा | ६२३०८२१।१० | |
| | ख) शाखा नहर तथा ग्रेभल सडकले छोएको जग्गा | ३८९४२६३।१७ | |
| | ग) कच्ची सडकले छोएको जग्गा | ३११५४१०।४९ | |
| | घ) अन्य घरेडी सडकले नछोएको २ कठ्ठा सम्म | १५५७७०५।२५ | |
| | ङ) सडकले नछोएको जग्गा | ११६८२७८।९१ | |
| | बेलौरी न.पा.(साविक श्रीपुर/लक्ष्मीपुर/रा.वि.गाविस) | | |
| ६ | वडा नं. ६ (साविक श्रीपुर गाविस ३,६,८,९) | | |
| | क) कालो पत्रे सडकले छोएको जग्गा | ६२३०८२१।१० | |
| | ख) शाखा नहर तथा ग्रेभल सडकले छोएको जग्गा | ३८९४२६३।१७ | |
| | ग) कच्ची सडकले छोएको जग्गा | ३११५४१०।४९ | |
| | घ) अन्य घरेडी सडकले नछोएको २ कठ्ठा सम्म | १५५७७०५।२५ | |
| | ङ) सडकले नछोएको जग्गा | ११६८२७८।९१ | |
| | बेलौरी न.पा.(साविक श्रीपुर/लक्ष्मीपुर/रा.वि.गाविस) | | |
| ७ | वडा नं. ७ (साविक श्रीपुर गाविस ७) | | |
| | क) कालो पत्रे सडकले छोएको जग्गा | ६२३०८२१।१० | |
| | ख) शाखा नहर तथा ग्रेभल सडकले छोएको जग्गा | ३८९४२६३।१७ | |
| | ग) कच्ची सडकले छोएको जग्गा | २३३६५५७।९३ | |
| | घ) अन्य घरेडी सडकले नछोएको २ कठ्ठा सम्म | ११६८२७८।९१ | |
| | ङ) सडकले नछोएको जग्गा | ७७८८८२।६३ | |

| | | | |
|---|---|---|---|
| | बेलौरी न.पा.(साविक श्रीपुर/लक्ष्मीपुर/रा.वि.गाविस) | | |
| ८ | वडा नं. ८ (साविक रा.वि.गाविस ५,६,७) | | |
| | क) कालो पत्रे सडकले छोएको जग्गा | ४६७३११५।८५ | |
| | ख) शाखा नहर तथा ग्रेभल सडकले छोएको जग्गा | २३३६५५७९३ | |
| | ग) कच्ची सडकले छोएको जग्गा | १९४७१३१।५९ | |
| | घ) अन्य घरेडी सडकले नछोएको २ कट्ठा सम्म | १५५७७०६।२८ | |
| | ङ) सडकले नछोएको जग्गा | ७७८८५२।६३ | |
| | बेलौरी न.पा.(साविक श्रीपुर/लक्ष्मीपुर/रा.वि.गाविस) | | |
| ९ | वडा नं. ९ (साविक रा.वि. गाविस ८) | | |
| | क) कालो पत्रे सडकले छोएको जग्गा | ४६७३११५।८५ | |
| | ख) शाखा नहर तथा ग्रेभल सडकले छोएको जग्गा | २३३६५५७९३ | |
| | ग) कच्ची सडकले छोएको जग्गा | १९४७१३१।५९ | |
| | घ) अन्य घरेडी सडकले नछोएको २ कट्ठा सम्म | १५५७७०६।२८ | |
| | ङ) सडकले नछोएको जग्गा | ७७८८५२।६३ | |
| | बेलौरी न.पा.(साविक श्रीपुर/लक्ष्मीपुर/रा.वि.गाविस) | | |
| १० | वडा नं.१० (साविक रा.वि.गाविस १,२,३,४) | | |
| | क) कालो पत्रे सडकले छोएको जग्गा | ४६७३११५।८५ | |
| | ख) शाखा नहर तथा ग्रेभल सडकले छोएको जग्गा | २३३६५५७९३ | |
| | ग) कच्ची सडकले छोएको जग्गा | १५५७७०६।२८ | |
| | घ) अन्य घरेडी सडकले नछोएको २ कट्ठा सम्म | ११६८२७८।९१ | |
| | ङ) सडकले नछोएको जग्गा | ७७८८५२।६३ | |
| | संरचनाको ह्रासकट्टी दर | वर्ष | प्रतिशत |
| १ | आर, सि.सि.भवन (क्लोम सिस्टम) | १ देखि ५ | १० |
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | ६ देखि १० | १९ |
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | ११ देखि १५ | २७ |
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | १६ देखि २० | ३४.३९ |
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | २१ देखि २५ | ४०.८६ |
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | २६ देखि ३० | ४६.८६ |
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | ३१ देखि ३५ | ५२.१७ |
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | ३६ देखि ४० | ५६.९५ |
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | ४१ देखि ४५ | ६१.२६ |
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | ४६ देखि ५० | ६५.१३ |
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | ५१ देखि ५५ | ६८.६२ |
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | ५६ देखि ६० | ७१.७६ |
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | ६१ देखि ६५ | ७४.५८ |
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | ६६ देखि ७० | ७७.१२ |
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | ७१ देखि ७५ | ७९.४१ |

| | | | |
|---|---|---|---|
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | ७६ देखि ८० | ७९.४१ |
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | ८१ देखि ८५ | ७९.४१ |
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | ८६ देखि ९० | ७९.४१ |
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | ९१ देखि ९५ | ७९.४१ |
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | ९६ देखि१०० | ७९.४१ |
| | आर, सि.सि.भवन (क्लोम सिस्टम) | १००वर्ष भन्दा माथि | ७९.४१ |
| २ | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | १ देखि ५ | ११ |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | ६ देखि १० | २०.१९ |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | ११ देखि १५ | २९.५ |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | १६ देखि २० | ३१.३६ |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | २१ देखि २५ | ४४.१६ |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | २६ देखि ३० | ५०.३० |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | ३१ देखि ३५ | ५५.११ |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | ३६ देखि ४० | ६०.३३ |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | ४१ देखि ४५ | ६४.९६ |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | ४६ देखि ५० | ६८.८२ |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | ५१ देखि ५५ | ७२.२५ |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | ५६ देखि ६० | ७५.३० |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | ६१ देखि ६५ | ७८.०२ |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | ६६ देखि ७० | ८०.४४ |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | ७१ देखि ७५ | ८२.५९ |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | ७६ देखि ८० | ८२.५९ |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | ८१ देखि ८५ | ८२.५९ |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | ८६ देखि ९० | ८२.५९ |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | ९१ देखि ९५ | ८२.५९ |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | ९६देखि १०० | ८२.५९ |
| | आर, वि.सि.भवन (लोड बेरिङ्ग सिस्टम) | १०० वर्ष भन्दा माथि | ८२.५९ |
| ३ | पक्की गारो टिनको तथा टायलको छानो | १ देखि ५ | १२ |
| | पक्की गारो टिनको तथा टायलको छानो | ६ देखि १० | २२.५६ |
| | पक्की गारो टिनको तथा टायलको छानो | ११ देखि १५ | ३१.८५ |
| | पक्की गारो टिनको तथा टायलको छानो | १६ देखि २० | ४०.०३ |
| | पक्की गारो टिनको तथा टायलको छानो | २१ देखि २५ | ४७.२३ |
| | पक्की गारो टिनको तथा टायलको छानो | २६ देखि ३० | ५३.५६ |
| | पक्की गारो टिनको तथा टायलको छानो | ३१ देखि ३५ | ५०.१३ |
| | पक्की गारो टिनको तथा टायलको छानो | ३६ देखि ४० | ६४.०४ |

| | | | |
|---|---|---|---|
| | पक्की गारो टिनको तथा टायलको छानो | ४१ देखि ४५ | ६८.३५ |
| | पक्की गारो टिनको तथा टायलको छानो | ४६ देखि ५० | ७२.१५ |
| | पक्की गारो टिनको तथा टायलको छानो | ५१ देखि ५५ | ७५.४९ |
| | पक्की गारो टिनको तथा टायलको छानो | ५६ देखि ६० | ७८.४३ |
| | पक्की गारो टिनको तथा टायलको छानो | ६१ देखि ६५ | ८१.०२ |
| | पक्की गारो टिनको तथा टायलको छानो | ६६ देखि ७० | ८३.३० |
| | पक्की गारो टिनको तथा टायलको छानो | ७१ देखि ७५ | ८५.३० |
| | पक्की गारो टिनको तथा टायलको छानो | ७६ देखि ८० | ८५.३० |
| | पक्की गारो टिनको तथा टायलको छानो | ८१ देखि ८५ | ८५.३० |
| | पक्की गारो टिनको तथा टायलको छानो | ८६ देखि ९० | ८५.३० |
| | पक्की गारो टिनको तथा टायलको छानो | ९१ देखि ९५ | ८५.३० |
| | पक्की गारो टिनको तथा टायलको छानो | ९६देखि १०० | ८५.३० |
| | पक्की गारो टिनको तथा टायलको छानो | १००वर्ष भन्दा माथि | ८५.३० |
| ४ | कच्ची गारो टिनको तथा टायलको छानो | १ देखि ५ | १३ |
| | कच्ची गारो टिनको तथा टायलको छानो | ६ देखि १० | २४.३१ |
| | कच्ची गारो टिनको तथा टायलको छानो | ११ देखि १५ | ३४.१५ |
| | कच्ची गारो टिनको तथा टायलको छानो | १६ देखि २० | ४२.७१ |
| | कच्ची गारो टिनको तथा टायलको छानो | २१ देखि २५ | ५०.१६ |
| | कच्ची गारो टिनको तथा टायलको छानो | २६ देखि ३० | ५६.६४ |
| | कच्ची गारो टिनको तथा टायलको छानो | ३१ देखि ३५ | ६२.२७ |
| | कच्ची गारो टिनको तथा टायलको छानो | ३६ देखि ४० | ६७.१८ |
| | कच्ची गारो टिनको तथा टायलको छानो | ४१ देखि ४५ | ७१.४५ |
| | कच्ची गारो टिनको तथा टायलको छानो | ४६ देखि ५० | ७५.१५ |
| | कच्ची गारो टिनको तथा टायलको छानो | ५१ देखि ५५ | ७८.३९ |
| | कच्ची गारो टिनको तथा टायलको छानो | ५६ देखि ६० | ८१.२० |
| | कच्ची गारो टिनको तथा टायलको छानो | ६१ देखि ६५ | ८३.६४ |
| | कच्ची गारो टिनको तथा टायलको छानो | ६६ देखि ७० | ८५.७७ |
| | कच्ची गारो टिनको तथा टायलको छानो | ७१ देखि ७५ | ८७.६२ |
| | कच्ची गारो टिनको तथा टायलको छानो | ७६ देखि ८० | ८७.६२ |
| | कच्ची गारो टिनको तथा टायलको छानो | ८१ देखि ८५ | ८७.६२ |
| | कच्ची गारो टिनको तथा टायलको छानो | ८६ देखि ९० | ८७.६२ |
| | कच्ची गारो टिनको तथा टायलको छानो | ९१ देखि ९५ | ८७.६२ |
| | कच्ची गारो टिनको तथा टायलको छानो | ९६ देखि १०० | ८७.६२ |
| | कच्ची गारो टिनको तथा टायलको छानो | १००वर्ष भन्दा माथि | ८७.६२ |
| ५ | कच्ची भवन टायलको खपडा टिनको छाना | १ देखि ५ | १४ |

| | | | |
|---|---|---|---|
| | कच्ची भवन टायलको खपडा टिनको छाना | ६ देखि १० | २६.०४ |
| | कच्ची भवन टायलको खपडा टिनको छाना | ११ देखि १५ | ३६.३९ |
| | कच्ची भवन टायलको खपडा टिनको छाना | १६ देखि २० | ४५.३० |
| | कच्ची भवन टायलको खपडा टिनको छाना | २१ देखि २५ | ५२.९६ |
| | कच्ची भवन टायलको खपडा टिनको छाना | २६ देखि ३० | ५९.५४ |
| | कच्ची भवन टायलको खपडा टिनको छाना | ३१ देखि ३५ | ६५.२१ |
| | कच्ची भवन टायलको खपडा टिनको छाना | ३६ देखि ४० | ७०.०८ |
| | कच्ची भवन टायलको खपडा टिनको छाना | ४१ देखि ४५ | ७४.२७ |
| | कच्ची भवन टायलको खपडा टिनको छाना | ४६ देखि ५० | ७७.८७ |
| | कच्ची भवन टायलको खपडा टिनको छाना | ५१ देखि ५५ | ८०.९१ |
| | कच्ची भवन टायलको खपडा टिनको छाना | ५६ देखि ६० | ८३.६३ |
| | कच्ची भवन टायलको खपडा टिनको छाना | ६१ देखि ६५ | ८५.९२ |
| | कच्ची भवन टायलको खपडा टिनको छाना | ६६ देखि ७० | ८७.८९ |
| | कच्ची भवन टायलको खपडा टिनको छाना | ७१ देखि ७५ | ८९.५९ |
| | कच्ची भवन टायलको खपडा टिनको छाना | ७६ देखि ८० | ८९.५९ |
| | कच्ची भवन टायलको खपडा टिनको छाना | ८१ देखि ८५ | ८९.५९ |
| | कच्ची भवन टायलको खपडा टिनको छाना | ८६ देखि ९० | ८९.५९ |
| | कच्ची भवन टायलको खपडा टिनको छाना | ९१ देखि ९५ | ८९.५९ |
| | कच्ची भवन टायलको खपडा टिनको छाना | ९६ देखि १०० | ८९.५९ |
| | कच्ची भवन टायलको खपडा टिनको छाना | १०० वर्ष भन्दा माथि | ८९.५९ |
| ६ | कच्ची भवन खरको छाना | १ देखि ५ | २० |
| | कच्ची भवन खरको छाना | ६ देखि १० | ३६ |
| | कच्ची भवन खरको छाना | ११ देखि १५ | ४८.८० |
| | कच्ची भवन खरको छाना | १६ देखि २० | ५९.०४ |
| | कच्ची भवन खरको छाना | २१ देखि २५ | ६७.२३ |
| | कच्ची भवन खरको छाना | २६ देखि ३० | ७३.७९ |
| | कच्ची भवन खरको छाना | ३१ देखि ३५ | ७९.०३ |
| | कच्ची भवन खरको छाना | ३६ देखि ४० | ८३.२२ |
| | कच्ची भवन खरको छाना | ४१ देखि ४५ | ८६.५८ |
| | कच्ची भवन खरको छाना | ४६ देखि ५० | ८९.२६ |
| | कच्ची भवन खरको छाना | ५१ देखि ५५ | ९१.४१ |
| | कच्ची भवन खरको छाना | ५६ देखि ६० | ९३.१३ |
| | कच्ची भवन खरको छाना | ६१ देखि ६५ | ९४.५० |
| | कच्ची भवन खरको छाना | ६६ देखि ७० | ९५.६ |
| | कच्ची भवन खरको छाना | ७१ देखि ७५ | ९६.१८ |
| | कच्ची भवन खरको छाना | ७६ देखि ८० | ९६.१८ |

| | | | |
|---|---|---|---|
| | कच्ची भवन खरको छाना | ८१ देखि ८५ | ९६.१८ |
| | कच्ची भवन खरको छाना | ८६ देखि ९० | ९६.१८ |
| | कच्ची भवन खरको छाना | ९१ देखि ९५ | ९६.१८ |
| | कच्ची भवन खरको छाना | ९६ देखि १०० | ९६.१८ |
| | कच्ची भवन खरको छाना | १०० वर्ष भन्दा माथि | ९६.१८ |

| एकिकृत सम्पत्ति करको मुल्यांकन दर | | | |
|---|---|---|---|
| १ | १ लाख सम्म | २७।५० | |
| २ | १ लाख १ देखि २ लाख सम्म | ५५। | |
| ३ | २ लाख १ देखि ३ लाख सम्म | ८२।५० | |
| ४ | ३ लाख १ देखि ५ लाख सम्म | ११०। | |
| ५ | ५ लाख १ देखि ७ लाख ५० हजार सम्म | १६५। | |
| ६ | ७ लाख ५० हजार १ देखि १० लाख सम्म | २२०। | |
| ७ | १० लाख १ देखि १२ लाख ५० हजार सम्म | २७५। | |
| ८ | १२ लाख ५० हजार १ देखि १५ लाख सम्म | ३३०। | |
| ९ | १५ लाख १ देखि १७ लाख ५० हजार सम्म | ३८५। | |
| १० | १७ लाख ५० हजार १ देखि २० लाख सम्म | ४४०। | |
| ११ | २० लाख १ देखि २२ लाख सम्म | ५५०। | |
| १२ | २२ लाख १ देखि २४ लाख सम्म | ६८७।५० | |
| १३ | २४ लाख १ देखि २६ लाख सम्म | ८२५। | |
| १४ | २६ लाख १ देखि २८ लाख सम्म | १००६।२५ | |
| १५ | २८ लाख १ देखि ३० लाख सम्म | ११५०। | |
| १६ | ३० लाख १ देखि ३२ लाख ५० हजार सम्म | १३८०। | |
| १७ | ३२ लाख ५० हजार १ देखि ३५ लाख सम्म | १६६७।५० | |
| १८ | ३५ लाख १ देखि ३७ लाख ५० हजार सम्म | १९५५। | |
| १९ | ३७ लाख ५० हजार १ देखि ४० लाख सम्म | २२४२।५० | |
| २० | ४० लाख १ देखि ४२ लाख ५० हजार सम्म | २५३०। | |
| २१ | ४२ लाख ५० हजार १ देखि ४५ लाख सम्म | २८१७।५० | |
| २२ | ४५ लाख १ देखि ४७ लाख ५० हजार सम्म | ३१०५। | |
| २३ | ४७ लाख ५० हजार १ देखि ५० लाख सम्म | ३४५०। | |
| २४ | ५० लाख १ देखि ५५ लाख सम्म | ४०२५। | |
| २५ | ५५ लाख १ देखि ६० लाख सम्म | ४८३०। | |
| २६ | ६० लाख १ देखि ६५ लाख सम्म | ५६३५। | |
| २७ | ६५ लाख १ देखि ७० लाख सम्म | ६४४०। | |
| २८ | ७० लाख १ देखि ७५ लाख सम्म | ७२४५। | |
| २९ | ७५ लाख १ देखि ८० लाख सम्म | ८०५०। | |

| | | | |
|---|---|---|---|
| ३० | ८० लाख १ देखि ८५ लाख सम्म | ८८५५। | |
| ३१ | ८५ लाख १ देखि ९० लाख सम्म | ९६६०। | |
| ३२ | ९० लाख १ देखि ९५ लाख सम्म | १०५८०। | |
| ३३ | ९५ लाख १ देखि १ करोड सम्म | ११५००। | |
| ३४ | १ करोड १ देखि १ करोड २० लाख सम्म | १३८००। | |
| ३५ | १ करोड २० लाख १ देखि १ करोड ४० लाख सम्म | १६१००। | |
| ३६ | १ करोड ४० लाख १ देखि १ करोड ६० लाख सम्म | १८४००। | |
| ३७ | १ करोड १ देखि १ करोड ८० लाख सम्म | २०७००। | |
| ३८ | १ करोड ८० लाख १ देखि २ करोड सम्म | २३०००। | |
| ३९ | २ करोड १ देखि २ करोड २५ लाख सम्म | २८७५०। | |
| ४० | २ करोड २५ लाख देखि २ करोड ५० लाख सम्म | ३२२००। | |
| ४१ | २ करोड ५० लाख १ देखि २ करोड ७५ लाख सम्म | ३५६५०। | |
| ४२ | २ करोड ७५ लाख १ देखि ३ करोड सम्म | ३९१००। | |
| ४३ | ३ करोड १ देखि ३ करोड २५ लाख सम्म | ४४४००। | |
| ४४ | ३ करोड २५ लाख १ देखि ३ करोड ५० लाख सम्म | ४८०००। | |
| ४५ | ३ करोड ५० लाख १ देखि ३ करोड ७५ लाख सम्म | ५१६००। | |
| ४६ | ३ करोड ७५ लाख १ देखि ४ करोड सम्म | ५५२००। | |
| ४७ | ४ करोड १ देखि ४ करोड २५ लाख सम्म | ५८८००। | |
| ४८ | ४ करोड २५ लाख १ देखि ४ करोड ५० लाख सम्म | ६३०००। | |
| ४९ | ४ करोड ५० लाख १ देखि ४ करोड ७५ लाख सम्म | ६७२००। | |
| ५० | ४ करोड ७५ लाख १ देखि ५ करोड सम्म | ७२०००। | |
| ५१ | ५ करोड भन्दा माथि प्रति हजार | रु. ०.०३ | |

| क) | **भौतिक संरचनाको वर्गीकरण दररेट प्रतिवर्गफिट** | **दर रकम रु.** | |
|---|---|---|---|
| १ | आर.सि.सि.भवन प्रति तला | १०००। | |
| २ | आर.वि.सि.भवन प्रति तला | ९००। | |
| ३ | पक्की गारो टिन, टायलको छाना | ७००। | |
| ४ | कच्ची गारो टिन, टायलको छाना | ५००। | |
| ५ | कच्ची भवन टायल, खपडा टिनको छाना | २५०। | |
| ६ | कच्ची भवन खर, घाँसको छाना | १५०। | |
| ७ | प्रत्येक आर्थिक वर्षमा बुझाउनु पर्ने एकिकृत सम्पत्ति कर सोही आर्थिक वर्षको पौष मसान्त भित्र लाग्ने कर रकममा १० प्रतिशत छुट दिइनेछ । | | |
| ८ | आर्थिक वर्षको अन्तसम्म सम्पत्ति कर नबुझाई बक्यौता रहन गएमा सबै रकममा पहिलो वर्षको बक्यौतामा १०, दोस्रो वर्ष २०, तेस्रो वर्ष ३०, चौथो वर्ष ४० पाँचौ वर्ष ५० र सो भन्दा माथि ६० प्रतिशत जरिवाना लाग्नेछ । | | |
| ९ | **एकिकृत सम्पति करको मुल्याङ्कनका लागि सडकको वर्गीकरण** | | |
| क | कालो पत्रे सडक | | |
| ख | शाखा नहरको ग्राभेल तथा अन्य ग्राभेल सडक | | |

| | |
|---|---|
| ग | कच्ची सडक |
| घ | अन्य घरेडी (बाटोले नछोएको ६७२.२६ व.मी. वा २ कट्टा भन्दा कम) |
| ङ | सडकले नछोएको खेती प्रयोजन |
| १० | **एकिकृत सम्पति करको मुल्याङ्कनका लागि जग्गाको क्षेत्र निर्धारण** |
| क | बेलौरी नगर विकास समिति द्वारा वितरित घरेडीहरु, बेलौरी कलुवापुर सडकसंग जोडिएका पुर्व तिरका घरेडी, उत्तरतिर शान्तीनगर सेलरमिल, दक्षिण ईलाका प्रहरी कार्यालय हुँदै दुम्ली जानेबाटो सम्मका दुवैतिरका घर घरेडीहरु, महाकाली बहुमुखी क्याम्पस नजिक नहरको कल्भर्ट मुलसडक देखि पुर्व रिछ्राह सिसमघारी देखि उत्तर रिछ्राह जाने बाटोका पुर्वतिरका घरघरेडीहरु कृषि विकास बैंक देखि रिछ्राह चौराह सम्म, पानी ट्याङ्की देखि पश्चिम ईटाभट्टा सम्म, कलकत्ता बजार क्षेत्र र गोकुलपुर बजार क्षेत्र । |
| ११ | **आवासिय क्षेत्र** |
| क | कालोपत्रे सडक, ग्राभेल सडक र कच्ची सडकको दायाँ वायाँ ३५ मिटरभित्र र अन्य घरेडीमा बसोवास गरी बसेका क्षेत्र । |
| ख | कृषि क्षेत्र कालोपत्रे सडक ग्राभेल सडक र कच्ची सडकको दायाँ वायाँ ३५ मिटर भन्दा बाहेकको क्षेत्र र सडकसँग जोडिएको क्षेत्र । |
| ग | घरको मुल्याङ्कन घरको बनोट, औषत आयुको आधारमा जम्मा वर्षको ह्रासकट्टी काटिनेछ । |

## अनुसुची २

## ऐनको दफा ३ संग सम्बन्धित

| १ | मालपोत तथा भुमिकर | दर रेट रु मा | कैफियत |
|---|---|---|---|
| क | ८४७ वर्गमिटर जग्गाको क्षेत्रफल | २५।- | |
| ख | ८४८ वर्गमिटर भन्दा माथि प्रतिवर्गमिटर जग्गाको क्षेत्रफल | ०.०३।- | |
| | बेलौरी नगर विकास समितिले वितरण गरेका घरेडी | | |
| ग | ८५ वर्गमिटर सम्मका | ५०।- | |
| घ | ८६ देखि १०५ वर्गमिटर सम्मका | ७५।- | |
| ङ | १०६ वर्गमिटर भन्दा माथि | १००।- | |
| | गोकुलपुर बजार घरेडी | | |
| च | ३३८.६३ वर्गमिटर सम्मका | ५०।- | |
| छ | ३३८.६३ भन्दा माथिका प्रति घरेडी | २५।- | |
| ज | बेलौरी नगर विकास समितिले वितरण गरेको घरेडीहरुको हकमा साविक श्रीपुर गाविसले लिदै आएको मालपोत यथावत गर्ने र साविक लक्ष्मीपुर गाविसको गोकुलपुर बजार क्षेत्रभित्र लिदै आएको मालपोत यथावत गर्ने । | | |
| झ | एकिकृत सम्पत्ति कर लागु हुनु पुर्व सम्पत्तिमा लाग्ने मालपोत वा भुमिकर बुझाउने दायित्व सम्बन्धित करदाताको हुने छ । | | |

## अनुसुची ३

## ऐनको दफा ४ संग सम्बन्धित

घरजग्गा कर दररेट

| क्र.सं. | घरजग्गा कर | दर रेट रु मा | कैफियत |
|---|---|---|---|
| क | ग्रामिण क्षेत्रको कच्ची घर | ७५।- | |
| ख | ग्रामिण क्षेत्रको अर्धपक्की घर | १००।- | |
| ग | ग्रामिण क्षेत्रको पक्की घर | १२५।- | |
| घ | ग्रामिण क्षेत्रको प्रति तला घर | ५०।- | |
| ङ | शहरी क्षेत्रको कच्ची घर | १५०।- | |
| च | शहरी क्षेत्रको अर्धपक्की घर | १७५।- | |
| छ | शहरी क्षेत्रको पक्की घर | २००।- | |
| ज | शहरी क्षेत्रको प्रति तला घर | ७५।- | |
